# काठमाण्डौ पानी

चौमासिक बुलेटिन

बर्षः १ (मंसिर-फागुन, २०७१) अंक २


## नेपाल सरकार, मेलम्ची खानेपानी उप-आयोजना २
## आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

*खानेपानी, सरसफाई, ढल व्यवस्थापनमा सुधार*
*सुन्दर व्यवस्थित सहर, विकसित समाजको आधार*

## आयोजना कार्यान्वयन निर्देशनालयको भनाई संक्षेपमा....

नेपालमा औपचारिक रूपमा १ सय २२ बर्ष अगाडि बीर धारा प्रणालीको निर्माण भएपश्चात् खानेपानीको वितरणको इतिहास शुरु भएको हो । त्यसपश्चात् व्यवस्थित रूपमा खानेपानी वितरणका अनेकौं प्रयास भएपनि बढ्दो जनसंख्याका कारण अझै पनि काठमाण्डौ उपत्यकावासीलाई माग अनुसार पर्याप्त रूपमा पानी वितरण गर्न सकिएको छैन । हाल उपत्यकामा खानेपानी वितरणका ३ वटा समस्या छन् । पहिलो श्रोतको समस्या हो




वितरण सञ्जाल सुधार अन्तर्गत काठमाण्डौमा पाइपलाइन विस्तार गरिंदै ।

जसले गर्दा उपत्यकामा खानेपानीको हाहाकार छ । दोस्रो समानुपातिक वितरणको अभाव हो जसले गर्दा कतै दैनिक पानी आउने कतै हप्ता, १० दिनमा पानी आउने समस्या देखिएको छ । तेस्रो चाहिँ सयौं बर्ष पुरानो पाइपलाइनको समस्या हो जसको परिणामस्वरूप ४० प्रतिशतभन्दा बढी खानेपानी चुहावट भईरहेको छ । यी समस्या सम्बोधन गर्न मेलम्ची खानेपानी उपआयोजना १ अन्तर्गतको मेलम्ची खानेपानी आयोजनाले मेलम्चीमा बाँध, सुरुङ मार्ग र सुन्दरीजलस्थित प्रशोधन केन्द्रको निर्माण कार्य अगाडि बढाएको छ भने उप-आयोजना २ अन्तर्गत आयोजना कार्यान्वयन निर्देशनालयले सुन्दरीजलदेखि काठमाण्डौ उपत्यकाका मुख्य शहरी क्षेत्रमा पानी वितरण गर्न पहिलो चरणमा करिब ६० किलोमिटर थोक वितरण प्रणाली, ६ वटा पानी संकलन केन्द्र (रिजर्भ्वाएर) र ६ सय ७० किलोमिटर वितरण प्रणाली सुधार गर्न आवश्यक पाइपलाइन विस्तार र निर्माण कार्य शुरु गरिसकेको छ । थोक वितरण प्रणाली र पानी पोखरी (रिजर्भ्वाएर) को निर्माण कार्य मेलम्चीको पानी काठमाण्डौ भित्रिने मिति बि.सं २०७३ साल बैशाख अगावै सक्ने लक्ष्य निर्देशनालयले लिएको छ । दोस्रो चरणमा भक्तपुर र किर्तिपुरमा ३ वटा पानी पोखरी, रिङ्गरोड आसपास र बाहिर थोक वितरण प्रणाली र वितरण प्रणाली सुधार कार्य गरिनेछ । यस्ता पूर्वाधार निर्माणका कार्यबाट उपत्यकामा खानेपानी वितरण प्रणाली सहज र व्यवस्थित भई उपत्यकावासीले मागबमोजिम सफा र स्वच्छ पानी उपभोग गर्न पाउने विश्वास निर्देशनालयले लिएको छ ।

## पाइपलाइन विस्तारका लागि सरोकारवालाहरूसँग समन्वय

मेलम्चीबाट सुरुङ मार्ग हुँदै प्राप्त हुने पानीलाई काठमाण्डौ उपत्यकावासीको घर घरमा वितरण गर्ने योजना अनुरुप आयोजना कार्यान्वयन निर्देशनालयले पाइपलाइन विस्तारको कार्यलाई तीव्र रुपमा अगाडि बढाएको छ । काठमाण्डौ उपत्यका जस्तो व्यस्त शहरका मुख्य सडक र गल्लीहरुमा सडक, खानेपानी, बिजुली, टेलिफोन, ढलजस्ता दैनिक उपभोग्य सेवाहरुमा अवरोध नपुऱ्याई पाइपलाइन विस्तार गर्नुपर्ने भएकाले निर्माण कार्य शुरु हुनु अगावै निर्देशनालयले यस सम्बन्धी सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी पाइपलाइन बिच्छ्याउने कार्य गरिरहेको छ । सरोकारवालाहरूसँग समन्वयका लागि निर्देशनालयले निम्न प्रक्रियाहरु अवलम्बन गरेको छ ।

- पाइपलाइन विस्तार सम्बन्धी स्वीकृत योजना र सो अनुरुप निर्माण व्यवसायीसँग ठेक्कापट्टा सम्पन्न भएपश्चात् कुन क्षेत्रमा कहिले पाइप बिच्छ्याउने हो तत्सम्बन्धी नक्सासहितको आवश्यक जानकारी सम्बन्धित सरोकारवालाहरूलाई उपलब्ध गराई समन्वयको प्रकृया अगाडि बढाउने ।
- निर्माण व्यवसायीबाट कार्यतालिका प्राप्त भएपछि पाइपलाइन विस्तार गर्नुपूर्व सम्बन्धित सडक निकायसँग स्वीकृतिका लागि आवश्यक समन्वय गर्ने ।
- पाइपलाइन विस्तारका क्रममा सवारी आवागमन र पैदलयात्रीलाई पर्न सक्ने असुविधालाई ध्यानमा राख्दै ट्राफिक व्यवस्थापनमा सहयोगका लागि महानगरीय ट्राफिक प्रहरी महाशाखासँग समन्वय गर्ने ।



पाइपलाइन बिस्तारका लागि आरुवारी क्षेत्रमा सरोकारवालाहरूसँग समन्वय बैठक

- काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, सडक कार्यालय, नेपाल टेलिकम, विद्युत प्राधिकरण, काठमाण्डौ उपत्यका विकास प्राधिकरण, नगरपालिका लगायतका सरोकारवालाहरुसँग भेटघाट र, छलफल गरी पाइपलाइन विस्तारका क्रममा आवश्यक पर्ने सहयोगका लागि समन्वय गर्ने ।

## काठमाण्डौमा पाइपलाइन र अन्य आवश्यक सामग्री भित्रिने कार्य तीव्र

मेलम्चीको पानी वितरणका लागि आवश्यक पर्ने फलामे (Ductlie Iron – DI) पाइपलगायतका अन्य निर्माण सामग्रीहरु काठमाण्डौ भित्रिन थालेका छन् । हाल दैनिक रुपमा भारतबाट झण्डै ३० ट्रकजति पाइप र फिटिङ्स लगायतका निर्माण सामग्री काठमाण्डौ आइरहेका छन् । यी निर्माण सामग्रीहरु ललितपुर जिल्लास्थित सुन्दरीघाट, धोबीघाट र काठमाण्डौको सुन्दरीजल लगायतका विभिन्न ठाउँमा जम्मा गरेर राखिएका छन् । पाइपलाइन विस्तारका लागि आवश्यक पर्ने उच्च कोटीको पोलिथिन (HDPE PE 100) पाइप भने नेपालमै उत्पादन भइरहेका छन् ।



ललितपुरको सुन्दरीघाटमा जम्मा गरिएको निर्माण सामग्री

# आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत सञ्चालित आयोजना गतिविधिहरू:

आयोजना कार्यान्वयन निर्देशनालयले नेपाल सरकार र एशियाली विकास बैंकको सहयोगमा सञ्चालित 'काठमाण्डौ उपत्यका खानेपानी तथा सरसफाई आयोजना', 'काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना' र 'काठमाण्डौ उपत्यका ढल व्यवस्थापन आयोजना' अन्तर्गत पाइपलाइन विस्तार, पानी पोखरी (रिजर्भ्वाएर) लगायतका खानेपानीका पूर्वाधार निर्माण र फोहोरपानी प्रशोधन केन्द्रको क्षमता अभिबृद्धि, पुनर्स्थापना र सुधारजस्ता कार्य अगाडि बढाएको छ।

## थोक वितरण प्रणाली र पानी पोखरीको निर्माण कार्य शुरु

मेलम्चीबाट प्राप्त भई सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रमा संकलन भएको पानीलाई उपभोक्ताकहाँ वितरण गर्नुअघि थोक वितरण प्रणाली मार्फत उपत्यकाका विभिन्न ठाउँमा बन्ने पानीपोखरीमा जम्मा गरिन्छ। यसका लागि चक्रपथ र चक्रपथभित्र गरी ६० किलोमिटर थोक वितरण प्रणालीको निर्माण र उपत्यकाका विभिन्न ठाउँमा ६ वटा पानीपोखरीको निर्माण गरिनेछ। निर्देशनालयले थोक वितरण प्रणाली अन्तर्गत २०७१ साल फागुनसम्म सुन्दरीजलदेखि नयाँपाटी, गोकर्ण हुँदै जोरपाटी, बालाजु, सोहखुट्टे हुँदै लैनचौर, बल्खु, एकान्तकुना लगायतका क्षेत्रमा गरी करिब ९ कि.मि. फलामे (DUCTILE IRON – DI) पाइपलाइन बिच्छ्याइसकेको छ।




थोक वितरण प्रणाली अन्तर्गत महांकालचौरमा पाइपलाइन विस्तार हुँदै।

यसैगरी, काठमाडौंको आरुबारी, महाँकालचौर, बाँसबारी, बालाजु, महाराजगञ्जस्थित पानीपोखरी, ललितपुरको खुमलटारमा गरी ६ वटा पानी पोखरीको निर्माण कार्य शुरु भएको छ। यी पानी पोखरीहरू २०७३ साल बैशाखअगावै सम्पन्न गर्ने लक्ष्य निर्देशनालयले लिएको छ।




काठमाण्डौको खुमलटारमा पानी पोखरीको निर्माण हुँदै।

## उपत्यकामा कहाँ कहाँ थोक वितरण प्रणाली र पानी पोखरी निर्माण हुँदैछन् त ?

| प्याकेज | पानी पोखरी (रिजर्भ्वायर) | पाइप बिच्छ्याइने क्षेत्रहरू |
|---|---|---|
| प्याकेज ० | | सुन्दरीजल, नयाँपाटी, गोकर्ण, बालुवा, जोरपाटी महांकालचौर |
| प्याकेज १ | आरुबारी (८५०० घनमी) महाँकालचौर (८००० घनमी) बाँसबारी (९५०० घनमी) | महांकालचौरबाट चावहिल चोक हुँदै नारायणगोपाल चोक, नारायणगोपाल चोकबाट बाँसबारीस्थित पानी पोखरी, चावहिल चोकबाट गौशाला चोक, कलंकी (सीता पेट्रोलपम्प) बाट बल्खु, एकान्तकुनाबाट ताल्चीखेल चोक, महांकालचौरबाट आरुवारीस्थित पानी पोखरी सम्म। |
| प्याकेज २ | महाराजगञ्ज (७५०० घनमी) खुमलटार (९५०० घनमी) | नारायणगोपालचोक देखि माछापोखरी हुँदै बालाजुस्थित पानी पोखरी, नारायणगोपाल चोकदेखि पानीपोखरी, कलंकी (मकालु पेट्रोल पम्प) देखि खसीबजार, बल्खुचोक हुँदै एकान्तकुना, ताल्चीखेल चोकबाट खुमलटारस्थित पानी पोखरी, ताल्चीखेल चोकबाट बालकुमारी, तीनकुने हुँदै गौशाला चोक, थापाथलीबाट माईतीघर हुँदै अनामनगर स्थित पानीपोखरी, मीनभवन चोकबाट माईतीघर, मीनभवन चोकबाट तीनकुने चोक, मीनभवन चोकबाट मीनभवन स्थित पानी पोखरीसम्म। |
| प्याकेज ३ | बालाजु (७००० घनमी) | बालाजु-माछापोखरीदेखि बालाजु चोक हुँदै कलंकी, कलंकीबाट एकान्तकुना, बालाजुचोकबाट नयाँबजार हुँदै लैनचौर, लैनचौरबाट जमल, त्रिपुरेश्वर हुँदै थापाथली, थापाथलीदेखि पुल्चोक हुँदै एकान्तकुनासम्म। |




थोक वितरण प्रणालीअन्तर्गत बालाजुदेखि लैनचौरसम्म रात्रीको समयमा पाइपलाइन विस्तार

चौथो प्याकेज अन्तर्गत भक्तपुरको टिगनी (३००० घनमी), कटुन्जे (६००० घनमी) र किर्तीपुरमा (६००० घनमी) क्षमताका पानीपोखरी निर्माण गरिनेछ। यी ३ पानी पोखरीहरु जोड्ने गरी करिब १५ किलोमिटर पाइपलाइन जडानका लागि एशियाली विकास बैंकसँग हाल छलफल भइरहेको छ। उपत्यकाका विभिन्न ठाउँमा निर्माण हुने यी ९ वटा पानी पोखरीको क्षमता ६.५ करोड लिटर रहेको छ।

## वितरण प्रणाली सुधारको कार्य तीब्र

आयोजना कार्यान्वयन निर्देशनालयले सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रमा प्रशोधित पानीलाई उपत्यकावासीको घरमा सहज, चुहावटरहित र न्यायोचित तरिकाले वितरण गर्न वितरण प्रणाली सुधार (DNI) को निर्माण गरिरहेको छ। चक्रपथ र यस वरिपरिका मुख्य सहरी क्षेत्रमा ६ सय ७० किलोमिटर पाइपलाइन जडान/विस्तार गरी वितरण प्रणाली सुधार गरिनेछ। वितरण सञ्जाल सुधारलाई तीन प्याकेज र एघार सेवा क्षेत्रमा विभाजन गरिएको छ। वितरण सञ्जाल सुधारको कार्य क्षेत्रगत मापन इकाइ (District Metering Area – DMA) को आधारमा शुरु गरिएको छ जसअनुसार एउटा DNI लाई कम्तिमा २ वटा DMA मा बाँडिएको छ। यो वितरण सञ्जाल सुधारको सबभन्दा सानो सेवा क्षेत्र हो जसले वितरण प्रणालीको कार्यसम्पादन अनुगमन र मूल्यांकनलाई सहज बनाउने छ।

## काठमाण्डौ उपत्यकामा वितरण प्रणाली सुधारको विवरणः

| प्याकेज | डि.एन.आई./पाइप बिच्छ्याइने क्षेत्रहरू | लाभान्वित घरधूरी |
|---|---|---|
| प्याकेज १ | डि.एन.आई. १ – लैनचौर, टंगाल, भगवती बहाल, नक्साल, डिल्लीबजार, सिंहदरवार गेट, माइतीघर, थापाथली हुँदै बागमती नदी, टेकु हुँदै विष्णुमती नदी र न्यूरोड भित्रका क्षेत्रहरू ।<br>डि.एन.आई. २ – धोवीखोला, गौशाला, भिमसेनगोला, सिंहदरवार पुतलीसडक, डिल्लीबजार, भाटभटेनी, हाँडीगाउँ र रातो पुलभित्रका क्षेत्रहरु ।<br>डि.एन.आई. क्षेत्र ६ – पुल्चोक, मंगलबजार, ग्वार्को, सातदोबाटो, महालक्ष्मीस्थान, एकान्तकुना, जावलाखेल भित्रको क्षेत्रहरु पर्दछन् । | २७,३६३ |
| प्याकेज २ | डि.एन.आई. ३ – सेतोपुल, पुरानो वानेश्वर, तिलगङ्गा, सिनामंगल, तीनकुने, मदनभण्डारी पथ, नयाँवानेश्वर, बिजुलीबजार, धोवीखोला हुँदै सेतोपुल भित्रका क्षेत्रहरु ।<br>डि.एन.आई. ४ – अनामगगर ट्यांकी, माइतीघर, धोवीखोला बिजुलीबजार, प्रसुतीगृह मार्ग, थापाथली चौक हुँदै माइतीघर भित्रको क्षेत्र ।<br>डि.एन.आई. ५ – कुपण्डोल, यु.एन.पार्क, शंखमुल, मनोहरा खोला, वालकुमारी, चक्रपथ, ग्वार्को, मंगलवजार, पुल्चोक, हिमालयन होटेल, ज्वागलचोक हुँदै कुपण्डोल भित्र पर्ने सम्पूर्ण क्षेत्र ।<br>डि.एन.आई. ७ – वालाजुचोक, सोह्रखुट्टे, लैनचौर, कान्तिपथ, न्यूरोड, हनुमान ढोका, विष्णुमती पुल, इन्द्रायणी मन्दिर हुँदै वालाजु चोक भित्रको सम्पूर्ण क्षेत्र पर्दछन् । | ३५, ७२४ |
| प्याकेज ३ | डि.एन.आई. ८ – टेकुदोभान, कुपण्डोल, कानदेवता स्थान, पुल्चोक, जावलाखेल, एकान्तकुना, भनीमण्डल, चक्रपथ, सानेपा पुल, वागमती नदी हुँदै टेकुदोभान भित्रको सम्पूर्ण क्षेत्र ।<br>डि.एन.आई. ९ – वागमती नदी, तीनकुने, कोटेश्वर चोक, जडीबुटी पुल, मनोहरा खोला, शंखमुल दोभान भित्रको सम्पूर्ण क्षेत्र ।<br>डि.एन.आई. १० – वनस्थली चोक, वालाजु चोक, विष्णुमती पुल, डल्लु, भगवान पाउ हुँदै वनस्थली चोक भित्रको सम्पूर्ण क्षेत्र ।<br>डि.एन.आई. ११ – कलंकी, सोल्टीमोड, कालीमाटी, टेकुदोभान, वल्खु, रिङ्गरोड हुँदै कलंकी भित्रको सम्पूर्ण क्षेत्र । | २०,४६८ |
| | जम्मा घरधूरी | ८३, ५५५ |

निर्देशनालयले वितरण प्रणाली सुधारअन्तर्गत हालसम्म उपत्यकाको मैतीदेवी, घट्टेकुलो, भिमसेनगोला, सिनामंगल, पुरानो बानेश्वर (पञ्च कुमारी मार्ग), कात्यायानी चोक, प्रयाग मार्ग, बानेश्वर, कोटेश्वर, थापाथली, अनामनगर, बनस्थली, चमती प्लानिङ्, सानेपा, मानभवन लगायतका मुख्य शहरी क्षेत्रमा २०७१ साल फागुनसम्म २ सय १० किलोमिटर पाइपलाइन विस्तार गरिसकेको छ । यी क्षेत्रमा रहेका १४ हजार ४ सय ३१ घरमा धारा जडान कार्य सम्पन्न भएको छ भने पाइपलाइन विस्तारपश्चात् ३२ किलोमिटर सडकलाई यथास्थितिमा ल्याउने कार्य सम्पन्न भएको छ ।

डिएनआई पहिलो प्याकेजअन्तर्गत आगामी असार महिनासम्म ज्ञानेश्वर, रातोपुल, कालोपुल, भाटभटेनी हुँदै नक्सालसम्म पाइपलाइन विस्तार गरिनेछ । दोस्रो प्याकेजअन्तर्गत सेतोपुल देखि सिनामंगल, मदन भण्डारीपथ, बबरमहल देखि प्रसुति गृह मार्ग, टंक प्रसाद घुम्ती सडकस्थित घट्टेकुलो चोकदेखि अनामनगर पानी ट्यांकीसम्म पाइपलाइन विस्तार हुँदैछ । तेस्रो प्याकेज अन्तर्गत बनस्थली र चमती प्लानिङ् क्षेत्रमा पाइपलाइन विस्तार गर्ने योजना छ ।



पाइपलाइन विस्तार पश्चात् यथास्थितिमा ल्याइएको अनामनगरस्थित भित्री सडक

## ढल व्यवस्थापनका लागि कार्य शुरु

आयोजना कार्यान्वयन निर्देशनालयले मेलम्चीबाट हुने पानीको आपूर्तिसँगै फोहोर पानीको व्यवस्थापनमा पर्न सक्ने कठिनाइलाई ध्यानमा राख्दै उपत्यकाका विभिन्न स्थानमा फोहोर पानी प्रशोधन केन्द्रको क्षमता अभिबृद्धि, पुनर्स्थापना र निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । गुह्येश्वरीस्थित फोहोर पानी प्रशोधन केन्द्रको स्तरोन्नतिका लागि बोलपत्र आह्वान गरी निर्माण व्यवसायी छनौटका लागि मूल्याङ्कन कार्य अगाडि बढेको छ । भक्तपुरस्थित सल्लाघारी, ललितपुर बालकुमारीस्थित कोड्कू र धोवीघाटमा नयाँ फोहोरपानी प्रशोधन केन्द्र निर्माण गर्ने योजना बमोजिम इन्जिनियरिङ डिजाइन कार्य भइरहेको छ भने खोकनामा नयाँ प्रशोधन प्रणाली निर्माण गर्न करिब ४० हेक्टर जग्गा अधिग्रहण गर्ने कार्य अगाडि बढेको छ । त्यस्तै, बागमती नदीका सहायक खोलाहरु – मनोहरा, हनुमन्तेका दुवै किनारमा करिब ५२ कि.मि फोहोरपानी बग्ने प्रणाली (Interceptor) को निर्माणका लागि आवश्यक इन्जिनियरिङ डिजाइनको कार्य भइरहेको छ भने उपत्यकाभित्र पुरानो ढल प्रणालीको सुधारसँगै नयाँ ढल प्रणाली बिस्तार गर्ने सम्बन्धमा अध्ययन कार्य अगाडि बढेको छ ।

## आयोजना क्षेत्रमा हुने निर्माण कार्यमा सुरक्षाको अवस्था

आयोजना कार्यान्वयन निर्देशनालयले पानी पोखरीको निर्माण, पाइपलाइन विस्तार लगायतका निर्माण कार्य सञ्चालन हुने अवधिभरी कामदार, स्थानीय वासिन्दा र त्यस स्थानमा रहेका व्यक्तिगत र सार्वजनिक सम्पत्तिको सुरक्षाको बिषयलाई गम्भीरतापूर्वक लिएको छ । निर्देशनालयको निर्देशन अनुसार निर्माण व्यवसायीहरुले निर्माण कार्य भइरहेको स्थानमा निम्न बमोजिम सुरक्षात्मक उपायहरु अवलम्बन गरेका छन् ।

- निर्माण कार्य भइरहेको स्थानमा सुरक्षात्मक रिवन वा डोरीले घेर्ने ।
- निर्माण कार्य भइरहेको स्थानको ५० मिटर अगाडि र पछाडि निर्माण कार्य सम्बन्धी जानकारी दिने सूचना पाटी राख्ने ।
- कामदारहरुलाई सुरक्षात्मक सामग्रीहरु जस्तैः जुत्ता, पञ्जा, हेलमेट, ज्याकेट, चस्मा, मास्क आदि उपलब्ध गराई सोको अनिवार्य प्रयोग गर्ने ।
- खाल्डो खनेको स्थानमा हिँडडुल र वारपारका लागि सहज बनाउन फड्केको व्यवस्था गर्ने ।
- निर्माण कार्य भइरहेको स्थानमा रहेका व्यक्तिगत वा सार्वजनिक सम्पत्तिलाई क्षति नहुने गरी काम गर्ने व्यवस्था मिलाउने ।
- निर्माण स्थलमा प्राथमिक उपचारका सामग्रीको व्यवस्था गर्ने ।



निर्माण कार्यका क्रममा कामदारहरुद्वारा सुरक्षा सामग्रीको प्रयोग

## आयोजना क्षेत्रमा सामुदायिक बैठकहरु सञ्चालन

आयोजना कार्यान्वयन निर्देशनालयले आयोजना कार्यान्वयनको अवधिमा आउन सक्ने सामाजिक, वातावरणीय तथा अन्य खालका समस्याहरु सम्बोधन गर्दै सर्वसाधारणको प्रत्यक्ष सहभागितामा तोकिएको समय भित्रै आयोजना सम्पन्न गर्न हालसम्म ३५० वटा सामुदायिक टोल बैठकहरुको आयोजना गरेको छ । यी टोल बैठकमा सहभागी भएका झण्डै ५ हजार स्थानीय व्यक्तिहरुमध्ये २८ प्रतिशत महिला थिए । त्यस्तै ३९ प्रतिशत जनजाति, ३ प्रतिशत दलित र ५८ प्रतिशत अन्य समुदायका व्यक्ति सहभागी थिए । साथै, निर्देशनालयले आयोजना क्षेत्रमा थोक वितरण प्रणाली, वितरण प्रणाली सुधार, पानी संकलन केन्द्र लगायतका निर्माण कार्यमा जनसहभागिता जुटाउन निर्माण कार्य सञ्चालन हुने अवधिभर निरन्तरता दिने गरी स्थानीय बासिन्दाहरुको प्रतिनिधिमुलक संस्था 'खानेपानी टोल समन्वय समूह' गठनका लागि सहजीकरण गर्ने कार्य गरिरहेको छ । हालसम्म वितरण प्रणाली सुधार अन्तर्गत DNI २,३,४, ५, ६, ९ र १० मा गरी ७ वटा यस्ता 'खानेपानी टोल समन्वय समूह' गठन गरिएका छन् । यी समूहमा स्थानीय बासिन्दाहरुले आफु मध्येबाट महिला, दलित, जनजाति, आदिवासी, मुस्लिम, मधेसी विपन्न



आरुवारीमा पानी संकलन केन्द्र निर्माणसम्बन्धमा स्थानीय बासिन्दासंग छलफल

र सिमान्तकृत समुदायको समानुपातिक रूपमा प्रतिनिधित्व गराई आयोजनाको प्राविधिक र सामाजिक पक्षबारे जानकारी तथा सुचनाहरु प्रबाह गरी आयोजनाका निर्माण कार्य सञ्चालनमा सहयोग पुऱ्याईरहेका छन् ।

## एशियाली विकास बैंकको मिसनद्वारा आयोजना गतिविधिका बारेमा अनुगमन / निरीक्षण

२०७१ साल फागुन २७ गते एशियाली विकास बैंक (ADB) का दक्षिण एशिया क्षेत्रका महानिर्देशक श्री हुन किमले आयोजना निर्देशक श्री तेजराज भट्ट, आयोजना उपनिर्देशक श्री अनिल भद्र खनाल, अन्य पदाधिकारी लगायत परामर्शदातृका प्रतिनिधिहरूसँग छलफल गरी आयोजनाका प्रगतिका बारेमा जानकारी लिनुभएको थियो । छलफलपछि श्री हुन किमले वितरण प्रणाली सुधार अन्तर्गत भिमसेनगोलामा भइरहेको पाइपलाइन बिस्तार कार्यको स्थलगत निरीक्षण गर्नुभएको थियो । यसैगरी, गत माघ ११ गते देखि २१ गतेसम्म नेपाल भ्रमणमा आएको एशियाली विकास बैंकको मिसनले त्यस अवधिमा आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गतका गतिविधिहरुका बारेमा जानकारी लिने र आयोजना क्षेत्रमा भईरहेका कामको अनुगमन गर्ने कार्य सम्पन्न गरेको छ । बैंकको मनिलास्थित मुख्य कार्यालयका शहरी विकास विज्ञ श्री मनोज शर्मा टिम लिडर रहनुभएको सो मिसनले बाँसबारी, बालाजु, खुमलटार लगायतका क्षेत्रमा निर्माण भइरहेका पानी पोखरी, सुन्दरीघाटस्थित निर्माण सामग्री संकलन गरी राखिएको स्थल लगायत सुन्दरीघाटमै रहेको प्रस्तावित ढल प्रशोधन केन्द्रको निर्माणस्थल निरीक्षण गरी आवश्यक जानकारी लिएको थियो ।



एशियाली विकास बैंकका दक्षिण एशिया क्षेत्रीय महानिर्देशक श्री हुन किमद्वारा पाइपलाइन विस्तारको निरीक्षण

## बारम्बार सोधिने प्रश्नहरु

✿ **२०७३ साल बैशाख १ गते मेलम्चीको पानी आउनुपूर्व काठमाण्डौ उपत्यकामा आवश्यक पूर्वाधार निर्माण कार्य सम्पन्न भइसक्छ ?**

उत्तरः पहिलो चरणमा काठमाण्डौ उपत्यकाभित्र ६० कि.मी थोक वितरण प्रणालीको पाइपलाइन विस्तार र ६ वटा पानी पोखरीको निर्माण कार्य मेलम्चीको पानी आउने तोकिएको मितिभन्दा दुई महिना पूर्व अर्थात् २०७२ साल फागुन महिनामा सम्पन्न भइसक्छ । वितरण प्रणाली सुधारको कार्य भने अधिकांश (करिब ८० प्रतिशत) सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

✿ **मेलम्चीको पानी घरको धारामा प्राप्त गर्न सर्वसाधारणले के गर्नुपर्छ ?**

उत्तरः मेलम्चीबाट प्राप्त हुने पानी वितरणका लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सेवा क्षेत्रभित्र परेका र नियमित रुपमा महशुल तिर्ने ग्राहकको घरमा पाइपलाइन बिस्तार गरिनेछ । हाल धारा जडान नभएका घर/प्लट धनीहरुले चाहिं आवश्यक प्रक्रिया पुरा गरी पाइपलाइन बिस्तार तथा धारा जडान गर्नुपर्छ ।

✿ **यसरी घरघरमा पाइपलाइन विस्तार गर्दा सर्वसाधारणले पैसा तिर्नु पर्छ कि पर्दैन ?**

उत्तरः पर्दैन । सर्वसाधारणको घरघरमा निशुल्क रुपमा पाइपलाइन विस्तार गरी धारा जडान गरिनेछ । तर पाइपलाइन विस्तार गर्ने अवधिभर विना कुनै अवरोध सर्वसाधारणको सहयोगको अपेक्षा यस निर्देशनालयले गरेको छ ।

✿ **नयाँ पाइपलाइन विस्तार पश्चात् काठमाण्डौ उपत्यकामा खानेपानीको चुहावट कसरी कम गर्न सकिन्छ ?**

उत्तरः थोक वितरण प्रणालीको निर्माण र वितरण प्रणाली सुधारका क्रममा काठमाण्डौका मूल र भित्री सडकमा बाटोको स्थिति र जनघनत्व अनुसार विभिन्न आकारका अत्याधुनिक प्रविधिबाट निर्मित उच्चकोटीको फलामे (DI) र पोलिथिन (HDPE PE 100) पाइप बिच्छ्याईनेछ । सर्वसाधारणको घरसम्म धारा जडानका लागि प्रयोग गरिने HDEP PE 100 पाइपलाइनलाई आवश्यक लम्बाईमा इलेक्ट्रो फ्युजन प्रविधिबाट जोडिने हुँदा चुहावट कम भई १५ प्रतिशतमा झर्ने लक्ष्य निर्देशनालयले लिएको छ । साथै, वितरण प्रणाली सुधारको कार्य क्षेत्रगत मापन इकाइ (DMA) को आधारमा शुरु गरिएको छ जसअनुसार एउटा DNI लाई कम्तिमा २ वटा DMA मा बाँडिएको छ । प्रत्येक DMA अन्तर्गतका करिब २ हजार देखि २५ सय घर बराबरको टोलमा एउटा Bulk Meter र हरेक घरमा छुट्टाछुट्टै मिटरको व्यवस्था गरिनेछ । यसबाट कति पानी आपूर्ति भयो र कति खपत भयो भन्ने कुराको सही हिसाब निस्किने हुँदा पानी चुहावट भएको जानकारी सहजै प्राप्त हुन्छ ।

✿ **काठमाण्डौ उपत्यकामा विस्तार-निर्माणका क्रममा रहेका सडकमा पाइपलाइन बिच्छ्याउन आयोजनाले कस्तो रणनीति अवलम्बन गरेको छ ?**

उत्तरः काठमाण्डौ उपत्यकाका सडकमा पाइपलाइन बिच्छ्याउने कार्यका लागि आयोजना कार्यान्वयन निर्देशनालयले निम्न रणनीति अवलम्बन गरेको छ ।

- हाल सडक विस्तार भइरहेका स्थानमा सडक विस्तार-निर्माण आयोजनासँग समन्वयन गरी निर्माणाधीन सडकमा यथासम्भव सडक निर्माण पूर्व नै पाईप बिच्छ्याउने कार्य सम्पन्न गर्ने ।
- सम्भव भएसम्म वितरण प्रणालीका लागि पैदलमार्ग (Footpath) मा पाइपलाइन बिच्छ्याउने ।
- क्षति कम गर्न ७ मिटरभन्दा बढी चौडा सडकमा सडकको दुवैतर्फ पाइप बिच्छ्याईने ।
- तत्काल कालोपत्रे भइसकेका सडकमा चाहिं आयोजनाको अन्तिम चरणमा मात्रै पाइपलाइन जडान गरिनेछ । पाइप बिच्छ्याईसकेपछि सडकलाई यथास्थितिमा ल्याइनेछ ।

✿ **पाइपलाइन विस्तारपछि सडकलाई यथास्थितिमा ल्याउन आयोजनाले कस्तो प्रक्रिया अपनाएको छ ?**

उत्तरः आयोजनाले सम्बन्धित सडक निकायबाट स्वीकृति प्राप्त भएका सडकमा सरोकारवालाहरुको समन्वयमा पाइपलाइन बिच्छ्याउने कार्य गर्दछ । पाइपलाइन बिच्छ्याएपछि त्यस सडकलाई माटोले पुर्ने काम गरिन्छ । तत् पश्चात्, पाइपमा चुहावट छ कि छैन हेर्न प्रेसर जाँच (Pressure Test) गरिन्छ । पटक पटक खन्ने र पुर्ने काम दोहोरिन नदिन आयोजनाले पाइपको प्रेसर जाँच गर्ने गरेको हो । काठमाण्डौ उपत्यकामा पानीको अभाव भएकाले आयोजनाले ट्याँकरबाट पानी ल्याएर समेत प्रेसर जाँच गर्ने गरेको छ । प्रेसर जाँचका क्रममा चुहावट भएको देखिएमा पाइपलाइनलाई पुनः जडान गरी प्रेसर जाँचको काम गरिन्छ । चुहावट नदेखिएमा सडकलाई यथास्थितिमा ल्याउने कार्य गरिन्छ ।

**जनसमुदायको हितका लागि युगमा एकपटक गरिने यस्ता वृहत् आयोजना कार्यान्वयन गर्ने क्रममा सर्वसाधारणमा पर्न जाने असुविधाका लागि सहरी विकास मन्त्रालय र आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड क्षमायाचना गर्दै यस कार्यमा सबैको सहयोगको अपेक्षा गर्दछौं ।**

निर्देशनालयले सर्वसाधारणको घरघरमा निशुल्क रुपमा धारा जडान गर्ने कार्य गरिरहेको छ । तपाईंको सडक र गल्लीमा पाइपलाइन विस्तारको क्रममा कसैले धारा जडानका लागि रकम माग गरेमा तत्काल निर्देशनालयलाई जानकारी गराउनुहुन अनुरोध छ । साथै आयोजना सम्बन्धी कुनै गुनासो भएमा र आयोजनाबारे थप जानकारी चाहिएमा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।


आयोजना कार्यन्वयन निर्देशनालय
काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
अनामनगर, काठमाण्डौ
फोन नं: ४२२२९८६, ४२२४९८६, एक्सटेन्सन: १३१, फ्याक्स: ४२२४०५७
www.kuklpid.org.np